आज मिति २०८२ साल श्रावण ८ गते बिहीबार यस हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

<u>उपस्थिति</u>

| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वडा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | जुना दाहाल |
| १४ | श्री अर्जुन प्रसाद तिवारी | वडा अध्यक्ष | १२ | |

प्रतिलिपि प्रमाणित

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | पातली |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | ईश्वरी |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | मन्जु |
| ३० | श्री भरत गौतम | सदस्य सचिव | | |

प्रतिलिपि प्रमाणित

प्रतिलिपि प्रमाणित

निर्णयहरुः

१) प्रस्तावः प्रगति समिक्षा सम्बन्धमा ।

निर्णयः ७० औं नगर कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२) प्रस्तावः बोलपत्र (टेण्डर) स्वीकृत सम्बन्धमा ।

निर्णयः आर्थिक वर्ष २०८२/०८३ को लागि आन्तरिक आय तर्फको सडक पूर्वाधार मर्मत संभार शुल्क संकलन गर्नका लागि मिति २०८२/०२/०८ गते राजधानी राष्ट्रिय दैनिकमा प्रथम पटक प्रकाशित सूचना बमोजिम तोकिएको समय सिमाभित्र तोकिएको समयमा ईविडिङ्ग मार्फत ४ वटा बोलपत्रदाताहरुको प्रस्ताव प्राप्त भएकोमा हेटौंडा उपमहानगरपालिका बोलपत्र मूल्याङ्कन समितिको निर्णय तथा सिफारिसबाट सबै भन्दा बढि रकम भ्याट बाहेक ४,४२,४२,४४२।०० (अक्षरुपी चार करोड बयालिस लाख बयालिस हजार चार सय बयालिस मात्र) कबोल गरी सारभूत रुपमा प्रभावग्राही बोलपत्र भई छनौट भएको श्री अमित ठेक्का पट्टा, वीरगंज-१७ सँग हेटौंडा उपमहानगरपालिकाबाट जारी भएको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ को उपदफा (४) बमोजिम बोलपत्र (टेण्डर) स्वीकृत गरी सम्झौता प्रकृया अगाडि बढाउने ।

३) प्रस्तावः अनुमोदन सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिकाको आर्थिक ऐन, २०८१ को दफा ९, अनुसूची-९ बमोजिम आर्थिक वर्ष २०८२/०८३ को लागि सडक पूर्वाधार मर्मत संभार शुल्क संकलन सम्बन्धी हेटौंडा उपमहानगरपालिकाको आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७६ बमोजिम आर्थिक वर्ष शुरु हुनु अगावै ठेक्का बन्दोबस्त गरी कार्य सम्पन्न गर्ने कार्य प्रक्रियाको चरणमा रहेकोले बोलपत्र मूल्याङ्कन समितिबाट मिति २०८२।०३।२१ मा अमित ठेक्का पट्टा वीरगंज पर्साले सबैभन्दा बढी अंक कबोल गरेकोले निजको कबोल अंक स्वीकृतिका लागि उपमहानगरपालिकामा सिफारिस गरेकोमा सो आय ठेक्का स्वीकृति एवम् सम्झौता कै चरणमा रहेकोले उल्लेखित फर्मले सम्झौता नगरेसम्म राजस्व असुली कार्य सञ्चालन गर्नु पर्ने भएकोले उपमहानगरपालिकाको कर्मचारी खटाई आर्थिक ऐन, २०८२ मा तोकिएबमोजिमको कर अमानतबाट उठाउने राजस्व परामर्श समितिको मिति २०८२।०३।३१ गतेको निर्णय अनुमोदन गर्ने ।

४) प्रस्तावः जग्गा सिफारिस सम्बन्धमा ।

निर्णयः मानवसेवा आश्रम (मानवता प्रवर्द्धन महाअभियान) को च.नं. ०४/०८२/०८३ मिति २०८२/०४/०२ गते हेटौंडामा मुख्य कार्यालय रहेको सेवाकेन्द्र वडा नं. ९ को सरकारी/सार्वजनिक खाली जमिनमा घर टहरा बनाएर सञ्चालन गरिरहेकोमा उक्त स्थानको जग्गा लिजका लागि माग भई आएको सन्दर्भमा सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को दफा ६(घ) बमोजिमको प्रकृयाको लागि हेटौंडा उपमहानगरपालिका वडा नं. ९ को सरकारी/सार्वजनिक खाली जग्गा उक्त आश्रमलाई लिजमा उपलब्ध गराउँदा उक्त क्षेत्रको संरक्षण, सम्वर्द्धनमा सहयोग पुग्ने, सरकारी जग्गा सुरक्षित रहने, कुनै ऐतिहासिक, पुरातात्विक, धार्मिक, सांस्कृतिक महत्वको स्थलहरुको मौलिकतामा असर नपर्ने, विपद्को दृष्टीले जोखिमयुक्त नरहेको साथै विपद्को समयमा खुला क्षेत्र राख्नु नपर्ने प्रकृतिको जग्गा रहेको भनी ९ नं. वडा कार्यालयबाट सिफारिस भई आएको हुँदा उक्त जग्गा मानवसेवा आश्रमलाई लिजमा उपलब्ध गराउने प्रक्रिया अगाडि बढाउन सम्बन्धित निकायमा सिफारिस गर्ने ।

प्रमाणीकरण गरियो ।
दस्तखत ..............

५) प्रस्तावः मनोनयन सम्बन्धमा ।

निर्णयः United Cities and Local Governments Asia Pacific (UCLG ASPAC) को निमन्त्रणामा Goyang Special City, South Korea मा आयोजना हुने 10th UCLG ASPAC Congress को सम्मेलन तथा कार्यक्रमको लागि २४ सेप्टेम्बर देखि २६ सेप्टेम्बर, २०२५ सम्म सञ्चालन हुने कार्यक्रममा यस उपमहानगरपालिकाबाट कार्यालयलाई आर्थिक व्यय भार नपर्ने गरी सहभागी हुन नगर प्रमुख श्री मिना कुमारी लामा र विज्ञ सल्लाहकार डा.कृष्ण प्रसाद धिताललाई मनोनयन गर्ने।

६) प्रस्तावः कार्यविधि संशोधन सम्बन्धमा ।

निर्णयः हेटौंडा उपमहानगरपालिका शिक्षक बैंक तथा कर्मचारी व्यवस्थापनसम्बन्धी कार्यविधि, २०८१ को संलग्न तिन महलेबमोजिमको पहिलो संशोधन स्वीकृत गर्ने ।

प्रमाणीकरण गरियो ।
दस्तखतः ........................
नामः भरत गौतम
पदः प्रमुख प्रशासकीय अधिकृत
मितिः ........................

प्रतिलिपि प्रमाणित